**निर्णय नं. १ :**

यस जिल्ला भित्र बढ्दै गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण तिव्र रुपमा फैलदै गैरहेको हुँदा यस जिल्लामा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२१ गते मंगलवार रातको १२:०० बजे देखि मिति २०७८।०२।०४ गते मंगलवार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी भएकोमा सो निषेधाज्ञालाइ निरन्तरता दिदै मिति २०७८।०२।०४ गते मंगलवार रातको १२:०० बजे देखि मिति २०७८।०२। १४ गते शुक्रवार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी गर्न अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :**

कावासोती नगरपालिकाको स्वास्थ्य सेवा कर्मचारी मध्ये आवश्यकता अनुसार एक जना थप स्वाथ्यकर्मी मध्यविन्दु जिल्ला अस्पतालमा काज खटाइ सेवा सञ्चालनमा सहयोग गर्न अनुरोध गर्ने।

**निर्णय नं. ३ :**

मध्यविन्दु जिल्ला अस्पतालको क्षमता विकास गर्न अक्सिजन प्लान्ट जडान कार्य भैरहेको छ। यसको थप क्षमता वृद्धि गरी ४० वटा वेडमा pipeline मार्फत direct अक्सिजन पुग्ने गरी क्षमता वृद्धि गर्नका लागि आवश्यक पर्ने रकम मध्ये रु ४० लाख स्थानीय तह, उद्योग वाणिज्य संघ, विभिन्न संघ संस्था तथा व्यक्तिहरुबाट जुटाउने र बाकी लाग्ने रकम रोटरी इन्टरनेश्नलबाट सहयोगको लागि पहल गर्ने।

**निर्णय नं. ४ :**

कावासोती नगरपालिका लगायतका विभिन्न पालिकाहरुमा रहनु भएका समाजसेवीहरु (विपद् व्यवस्थनपज सहयोगी समिति समेत )बाट संकलन भएका ६० थान अक्सिजन सिलिण्डर DCCMC लाई हस्तान्तरण गर्ने र जिल्लाका सबै अस्पताल तथा आइसोलेशन सेन्टरमा अक्सिजनको वितरण DCCMC मार्फत मात्र गर्ने।

**निर्णय नं. ५ :**

स्वास्थ्य सुरक्षाका सामाग्रीहरु उपलब्ध भएमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) मार्फत उपलब्ध गराउने।

**निर्णय नं. ६ :**

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७८।०१।२७ गतेको बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। निर्णय कार्यान्वयन र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारको अवस्था सन्तोषजनक रहेको महसुस गरियो।

२०७८।०२।०३